# मुख्य न्यायाधिवक्ताको कार्यालय
## लुम्बिनी प्रदेश, राप्ती उपत्यका

*सङ्घीयताको सबलीकरणमा....*

*लुम्बिनी प्रदेशको कानुन निर्माण तथा कार्यान्वयनः चुनौती र समाधान विषयक*

*सरोकारवालाहरूसँगको अन्तरक्रिया कार्यक्रम*

# कार्यक्रम सम्पन्न प्रतिवेदन




प्रतिवेदक

मुख्य न्यायाधिवक्ताको कार्यालय

लुम्बिनी प्रदेश, राप्ती उपत्यका

२०८२।०५।०४

*सङ्घीयताको सबलीकरणमा....*
*लुम्बिनी प्रदेशको कानुन निर्माण तथा कार्यान्वयनः चुनौती र समाधान विषयक सरोकारवालाहरूसँगको अन्तरक्रिया कार्यक्रम*

# कार्यक्रम सम्पन्न प्रतिवेदन

## परिच्छेद-१ परिचय

**कार्यक्रमको पृष्ठभूमी**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा संविधानमानै अधिकारको विनियोजन गरी नेपालमा संघियताको अभ्यास गरिदै आएको छ ।संघीयता भनेको स्व—शासन र साझा शासनको समायोजन हो । संघीयता भनेको शक्ति विभाजन गर्ने पद्वति हो जसमा संघीय र क्षेत्रीय सरकार आफ्ना विषयमा समान (co-ordinate) र स्वतन्त्र (independent) रहन्छन्।संघीय ईकाइहरुवीच शक्तिको बाँडफाँट नै संघीयताको सार हो । सबै तह संविधानबाट नै नियन्त्रित र व्यवस्थित हुनुपर्छ ।संघ र प्रदेशबीच शक्तिको विभाजन हरेक तहले आफुलाई सुचिकृत विषयको दायरामा सार्वभौम रही शक्तिको अभ्यास हुने सुनिश्चितताको लागि गरिन्छ । संविधानतः संघीयता कार्यान्वयन भएको दश वर्ष पूरा भएको छ। संस्थागत रूपमा प्रदेश सभाको गठन भएको पनि झण्डै आठ वर्ष पूरा भएको छ। यसबीचमा हामीले प्रतिनिधि सभा र प्रदेश सभाको पहिलो कार्यकाल पूरा गरी दोस्रो कार्यकालको आधा अवधिमा छौं। समाजमा शान्ति र सुव्यवस्थाका कानून बनाउने र लागू गर्ने अभ्यास थालेको धेरै भैसकेको छ। संविधानले कानुन बनाउने विधायिकी अधिकार र सरकार चलाउने कार्यकारी अधिकारलाई संघ, प्रदेश र स्थानीय तहका विभाजन गरेसँगै संविधान बमोजिमका अधिकारक्षेत्रभित्रका विषयमा तीनवटै संघीय इकाइबाट कानुन निर्माण हुँदै आएको छ। प्रस्तुत कार्यक्रममा प्रदेशले बनाउने कानूनको प्रभावकारिता र कार्यान्वयनको समीक्षा गर्नुका साथै सुधारका मार्ग पहिल्याउने उद्देश्यले आयोजना गरिएको हो । समाजमा शान्ति र सुव्यवस्था कायम गर्ननका लागि कानूनको प्रभावकारी कार्यान्वयन र स्वःनियमन अपरिहार्य मानिन्छ। कानून बनाएर मात्र हुँदैन अपेक्षित प्रतिफल प्राप्त भएको हुनु पर्दछ। खासगरी प्रदेशको एकल अधिकारका विषयमा बनेका कानूनको प्रभावकारिता सिर्जना गर्ने अवस्थामा हामी कहाँ छौं ? हाम्रो सिकाई के रहेको छ ? प्रदेशको एकल अधिकार पूर्ण अधिकार हो, (plenary power) एकल अधिकारको विषयमा कानून निर्माण गर्दा वा कार्यान्वयन गर्दा संवैधानिक सर्वोच्चता मात्र सान्दर्भिक हुन्छ तर प्रदेशका एकल अधिकारका विषयहरुसँग मिल्दोजुल्दो विषय संघको एकल अधिकारमा समेत रहेको देखिँदा एकल अधिकारको सूचीकरण गर्दा संविधान निर्माणमा आवश्यक र उपयुक्त ध्यान पुग्न नसकेको स्पष्ट हुन्छ । अन्तरसम्बन्ध ऐनले एकभन्दा बढि तहको एकल अधिकारमा परेको विषयलाई समेत साझा अधिकारसरह मानेको छ । तसर्थ, एकल अधिकारमा समेत केन्द्रीकृत अभ्यास र संघीय सर्वोच्चता पुनःजागृत हुनुले संघीय मर्मलाई उचित प्रोत्साहन नदिएको देखिन्छ। यिनै विषयमा विचार विमर्श गरि सम्बन्धित निकायलाई सुझाव प्रदान गर्ने उद्देश्ले ***सङ्घीयताको सबलीकरणमा प्रदेश कानुन निर्माण तथा कार्यान्वयन चुनौती र समाधान विषयक सरोकारवालाहरूसँगको एक दिवसीय अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको हो ।***

**कार्यक्रमको उद्देश्य**

नेपालको संविधान, मुख्य न्यायाधिवक्ताको काम कर्तव्य अधिकार र सेवाका सर्त सम्बन्धी ऐन, २०७५ र मुख्य न्यायाधिवक्ता कार्यालयको वार्षिक स्विकृत कार्यक्रम अनुसार लुम्बिनि प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय तथा लुम्बिनि प्रदेश सभासंगको समन्वयमा आयोजना गरिएको ***सङ्घीयताको सबलीकरणमा प्रदेश कानुन निर्माण तथा कार्यान्वयन चुनौती र समाधान विषयक सरोकारवालाहरूसँगको अन्तरक्रिया कार्यक्रम*** *देहायका उद्देश्यहरु रहेका छन् ।*

१. प्रदेश कानुन निर्माणको अवस्थाको समिक्षा गरी प्रदेश सभा तथा मुख्यमन्त्री कार्यालय लगाएतका सरोकारवालाहरुलाई सुझावहरु प्रदान गर्ने र आगामी दिनमा प्रदेशको कानुनको निर्माणलाई थप सुद्धृढ गर्ने ।

२. प्रदेश कानुन कार्यान्वयनको अवस्थाको समिक्षा गरी प्रदेश सभा तथा मुख्यमन्त्री कार्यालय लगाएतका सरोकारवालाहरुलाई सुझावहरु प्रदान गर्ने र आगामी दिनमा प्रदेशको कानुनको कार्यान्वयनलाई थप सुद्धृढ गर्ने ।

३. मुख्य न्यायाधिवक्ता कार्यालयको काम कर्तव्य अधिकारका विषयमा उपस्थित सरोकारवालाहरुका माझमा छलफल गरी प्रदेश सरकारसंग सरोकारित मुद्दाको प्रतिरक्षलाई थप सुदृढ र प्रभावकारी बनाउने ।

४. प्रदेशको भौगोलिक क्षेत्रभित्र रहेका संघीय संरचनाको प्रतिनिधित्व गर्ने सरोकारवाला कार्यालयहरु विशेषत उच्च अदालत तुलसीपुर सो अन्तरगतका इजलासहरु, जिल्ला अदालतहरु, सुरक्षाका प्रतिनिधहरु, उच्च सरकारीवकिल कार्यालयहरु,नेपाल बार एसोशियसनका उच्च तथा बार इकाइहरु लगाएतका निकायहरु संग प्रदेश सभा एंव प्रदेश सरकारका विचमा समन्वय तथा सहकार्यको भावनाको विकास गराउने ।

**५.** संघीयताको सवलीकरणमा प्रभावकारी भूमिका निर्वाह गर्न प्रदेश सभा अन्तरगतका समितिहरु, दलका नेता तथा संसदीय दलका सचेतकहरु, प्रदेश सरकारका मन्त्रालय र निकायहरुको जिम्मेवारी र जवाफदेहितामा सहजीकरण गर्ने, गराउने ।

**कार्यक्रम सम्पन्न गरिएको मिति स्थान र समय**

मुख्यन्यायाधिवक्ताको कार्यालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी) को आयोजनामा सञ्चालित ***सङ्घीयताको सबलीकरणमा प्रदेश कानुन निर्माण तथा कार्यान्वयन चुनौती र समाधान विषयक सरोकारवालाहरूसँगको अन्तरक्रिया कार्यक्रम*** मिति २०८२ साल असार ६ गते लमही नगरपालिका दाङ स्थित होटल ग्रिन लुम्बिनिको सभाहलमा विहान ८:०० देखि साँझ ५:०० बजे सम्म संचालन भएको थियो ।

**कार्यक्रममा सहभागी संख्या र सहभागिताको क्षेत्र**

मुख्य न्यायाधिवक्ता श्री यमलाल खनाल, लुम्बिनी प्रदेश सरकारका माननीय मुख्मन्त्री चेतनारायण आचार्य,सर्वोच्च अदालतका मा. न्यायाधीश श्री टेक प्रसाद ढुङ्गाना,नेपाल सरकारका माननीय महान्यायाधिवक्ता श्री रमेश वडाल, लुम्बिनि प्रदेश सभाका मा.सभामुख श्री तुलाराम घर्तिमगर,उच्च अदालतका तुल्सीपुरका मुख्य न्यायाधीश श्री राजेश्वर तिवारी ,प्रदेश सभाका विभिन्न समितिका माननिय सभापतिहरु,संसदिय दलका नेताहरु , प्रदेश सभाका विभिन्न दलका सचेतकहरु एंव प्रदेश सभाका सदस्यहरु, प्रदेश सरकारका प्रमुख सचिव श्री बाबुराम अधिकारी,नायव महान्यायाधिवक्ता श्री लोकराज पराजुली,उच्च अदालतका न्यायाधीशहरु,विज्ञ प्रशिक्षक एवं बरिष्ठ अधिवक्ता श्री टिकाराम भट्टराई,लुम्बिनी प्रदेश सरकारका सचिवहरु ,महान्यायाधिवक्ता कार्यालयबाट आउनु भएका सहन्यायाधिवक्ता एंव उच्च सरकारी वकील

कार्यालयका सहन्यायाधिवक्ता,उच्च अदालतका रजिस्टारहरु , माननीय जिल्ला न्यायाधीशहरु ,प्रमुख जिल्ला अधिकारी,प्रहरी नायव महानिरिक्षक,पुर्व मुख्य न्यायाधिवक्ता,पार्षद,नेपाल कानुन व्यवसायी परिषद लुम्बिनी ,जिल्ला न्यायाधिवक्ताहरु तथा सहायक न्यायाधिवक्ता, प्रदेशमा कार्यरत कानुन अधिकृतहरु,उच्च अदालत बार एकाई अध्यक्ष/ बरिष्ठ अधिवक्ता/ अधिवक्ताहरु सहित जम्मा २१ महिला ७८ पुरुष ९९ जनाको को सहभागिता रहेको थियो ।

**कार्यक्रम संचालन विधि**

- कार्यक्रमको औपचारिक उद्घाटनः
  - कार्यक्रमको अध्यक्षता मुख्य न्यायाधिवक्ता श्री यमलाल खनाल
  - कार्यक्रमको प्रमुख अतिथी लुम्बिनि प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री चेतनारायण आचार्य
  - कार्यक्रमको संयोजक उपन्यायाधिवक्ता डा. सुर्यप्रसाद पौडेल
  - कार्यक्रमको संचालन सहायक न्यायाधिवक्ता श्री तेजप्रसाद पाण्डे
  - कार्यक्रमको व्यवस्थापन सहायक न्यायाधिवक्ता श्री ईन्दु बसेल
- प्रशिक्षणात्मक मन्तव्य
  - प्रदेश सभाका माननीय सभामुख श्री तुलाराम घर्तीमगर,(**प्रदेश कानुन निर्माण**)
  - नेपाल सरकारका माननीय महान्यायाधिवक्ता श्री रमेश बडाल (**संघियता र प्रदेश कानुन निर्माणमा ध्यान दिनुपर्ने पक्षहरु**)
  - लुम्बिनि प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री चेतनारायण आचार्य (**प्रदेश कानुन कार्यान्वयनको अवस्था र वर्तमानका सवालहरु**)
- प्रस्तुतीकरण
  - **प्रदेशको कानुन निर्माण तथा कार्यान्वयनमा मुख्य न्यायाधिवक्ता कार्यलयको भूमिका** (नायब महान्यायाधिवक्ता श्री लोकराज पराजुली)
  - **प्रदेश कानुन निर्माणको समिक्षा( समस्या तथा चुनौती र सुझावहरु) एंव सरोकारवालहरुको भूमिका** (वरिष्ठ अधिवक्ता श्री टिकाराम भट्टराई)
  - **प्रदेश कानुन कार्यान्वयनको समिक्षा एंव प्रभावकारी कार्यान्वयनको लागि सुझावहरु** (माननीय न्यायाधीश श्री टेक प्रसाद ढुङ्गाना)
- समुह छलफल र प्रस्तुतीकरण
  - समुह छलफल (४ समुह)
  - न्यायाधीश एंव सरकारी वकिलहरु- (सहजीकरणः माननीय महान्यायाधिवक्ता ज्यू) लुम्बिनि प्रदेशको कानून निर्माण र कार्यान्वयन
  - प्रदेश सभाका समितिका सभापति/ मन्त्री परिषद- (सहजीकरणः माननीय न्यायाधीश टेकप्रसाद ढुङ्गाना ज्यू) लुम्बिनि प्रदेशको कानून निर्माण
  - नेपाल बार एशोसियसन- (सहजीकरणः नायव महान्यायाधिवक्ता श्री लोकराज पराजुली) लुम्बिनि प्रदेशको कानून निर्माण र कार्यान्वयन

- ○ प्रदेशका प्रमुख सचिव एंव सचिवहरु/प्र.जि.अ/प्र.प्रहरी प्रमुख/प्रदेश कानुन महाशाखा प्रमुख- (सहजीकरणः बरिष्ठ अधिवक्ता श्री टिकाराम भट्टराई ज्यू ) लुम्बिनि प्रदेशको कानून कार्यान्वयन
- प्रश्नोउत्तर एंव छलफल एंव सुझावहरुको प्रस्तुती करण
- मन्तव्य सहितको समापन कार्यक्रम : उक्त कार्यक्रम समापनको क्रममा निम्नानुसारका व्यक्तित्वहरूबाट कार्यक्रम सफल र फलदायी भएको, कार्यक्रमबाट प्राप्त हुने निष्कर्षलाई सबैले पालना गरी सङ्घीयताको सफल कार्यान्वयमा सहभागी हुने प्रतिवद्धता जनाउनु भएको थियो।

  १. पूर्व मुख्य न्यायाधिवक्ता श्री तीर्थराज ज्ञवाली

  २. प्रमुख सचिव श्री बाबुराम अधिकारी

  ३. उच्च अदालतका माननीय मुख्य न्यायाधीश श्री राजेश्वर तिवारी

  ४. लुम्बिनी प्रदेश सभाका माननीय सभामुख श्री तुलाराम घर्ति मगर

  ५. माननीय महान्यायाधिवक्ता श्री रमेश बडाल

  ६. समापन मन्तव्य मुख्य न्यायाधीवक्ता श्री यमलाल खनाल

## परिच्छेद-२ छलफल तथा अन्तरक्रिया र प्रस्तुतीकरण

<u>उद्घाटन सत्रमा प्रस्तुत मन्तव्यको सारसंक्षेपः</u>

**नेपाल राज्यका माननीय महान्यायाधिवक्ता श्री रमेश बडालः**

- संविधानको कार्यान्वयनको पहिलो चरणमा मुख्य न्यायाधिवक्ताको भूमिका के हुने भन्ने द्विविधा रहेकोमा हाल मुख्य न्यायाधिवक्ताको भूमिका स्पष्ट हुँदै र बढ्दै गएको,
- मुख्य न्यायाधिवक्ताको कार्यालयले प्रदेश सरकार र प्रदेश सभाको सरोकार रहेको मुद्दामा प्रतिरक्षा गर्दै आएको,
- विशेष गरी प्रदेश सरकारले कानुन निर्माण गरी कार्यान्वयमा लैजाँदै गर्दा कानुनी विवादहरू सृजना हुँदै गएबाट मुख्य न्यायाधिवक्ताको भूमिका थप सक्रिय हुँदै गएको,
- प्रदेश सरकारले कानुन निर्माण गर्दा सङ्घीय अभ्यासलाई आत्मसात गरेको र यदाकदा कानुन निर्माणमा Duplication पनि देखिएको, जस्तैः खोप ऐन। प्रदेशले एकल अधिकार क्षेत्रभित्रका विषयमा कानुन बनाउन सक्ने र साझा अधिकारका विषयमा पनि सङ्घीय कानुनसँग नबाँझिने गरी कानुन बनाउन सक्ने संवैधानिक अधिकार प्रदेशलाई रहेको,
- सङ्घ र प्रदेशमा समान खालको कानुनहरूको सङ्ख्या बढ्दै गएकोले त्यस्तो कानुनको सङ्ख्यामा कमी गर्न तथा कानुन कार्यान्वयनलाई समेत सहज बनाउन सङ्घले बनाएको कानुन प्रदेशले संशोधन गर्न सक्ने गरी नयाँ अभ्यासको थालनी गर्न सकिने तर्फ छलफल हुँदै गएको, जस्तैः सहकारी ऐनमा दर्ता र नियमन मात्रै फरक छ र यसलाई संशोधन गरी प्रदेश सरकारले बनाउन सकिने,
- प्रदेश सरकारले कानुन बनाउँदा sanction अथवा सजायको व्यवस्था गरी बनाउन सक्छ तर हाम्रो संविधान अनुसार फौजदारी कसुर कायम गर्ने अधिकार सङ्घलाई मात्र रहेको र यसले प्रदेश सरकारलाई शान्ति सुरक्षा कायम राख्नमा असहजता सृजना गरेको छ। अमेरिकामा प्रान्तले कानुन बनाई अपराधीकरण गर्न सक्ने व्यवस्था थियो। तर सन्

२००१ को घटना पश्चात Federal Government ले नै अपराध कायम गरी कानुन बनाउन थालेको हो। भारतमा ताज होटलमा भएको आक्रमणबाट Federal Government ले कानुन बनाउने भूमिका बढाएको।

**लुम्बिनी प्रदेश सभाका माननीय सभामुख तुलाराम घर्ति मगरः**

- लुम्बिनी प्रदेश सभाले अघिल्लो कार्यकालमा ७२ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको थियो। यस कार्यकालमा १२ वटा कानुन बनेका र हालसम्म कुल ८४ वटा कानुन तर्जुमा भई कार्यान्वयमा आइसकेका,
- सङ्घीयता कार्यान्वयनमा सोचमा परिवर्तन गर्नुपर्ने र केन्द्रीकृत सोच र मानसिकताले सङ्घीयताको सबलीकरण हुन नसक्ने। एकात्मक शासनको प्रतिबिम्ब तल्लो तहसम्म नै झरेको र स्वायत्त प्रदेश नभई नियन्त्रित प्रदेशको अनुभूति भइरहेको।
- सङ्घीय सरकारले प्रहरी समायोजन, प्रहरी ऐन र सङ्घीय निजामती ऐन नबनाउँदा प्रदेश सरकारले बनाएका प्रदेश र स्थानीय निजामती सेवा सम्बन्धी कानुनहरू कामयाबी हुन नसकेका। साथै, प्रदेश वन ऐन संघ सरकारको हावीपनाले गर्दा कार्यान्वयमा ल्याउन नसकिएको।
- प्रदेशको सबलीकरण गर्नका लागि राजनीतिक सङ्घीयता मात्र नभई वित्तीय र प्रशासनिक सङ्घीयताको अधिकार समेत सुस्पष्ट रूपमा प्रदान गर्नुपर्ने।

**लुम्बिनी प्रदेशका माननीय मुख्यमन्त्री श्री चेतनारायण आचार्यः**

- राज्यका तीनै अङ्गबाट प्रतिनिधित्व भई छलफल आयोजना गरेकोमा धन्यवाद व्यक्त गर्दै प्रदेशलाई सबल बनाउनको लागि संविधानको अनुसूचीमा रहेका एकल तथा साझा अधिकारहरूलाई कार्यान्वयनमा ल्याउनको लागि विभिन्न कानुन निर्माण गरी कार्यान्वयनमा ल्याइएको,
- प्रदेश सरकारले कानुनको कार्यान्वयन गरिरहँदा एक सयभन्दा बढी मुद्दाहरू परी मुख्यन्यायाधिवक्ताको कार्यालयबाट प्रतिरक्षा भइरहेको र अदालतबाट समेत केही व्याख्याहरू भइरहेका,
- जनमुखी कानुन निर्माण र कार्यान्वयनमा सरोकारवालाको सक्रिय राय सुझाव प्राप्त हुने अपेक्षा रहेको।

**<u>कार्यपत्रको प्रस्तुति सत्रः</u>**

१. **प्रदेश कानुन निर्माण तथा कार्यान्वयनमा मुख्य न्यायाधिवक्ताको कार्यालयको भूमिकाः नायब महान्यायाधिवक्ता श्री लोकराज पराजुली (महान्यायाधिवक्ताको कार्यालय)**

- प्रदेश कानुनको परिचय तथा परिभाषा, प्रदेश कानुन निर्माण गर्न सकिने विषयहरू, प्रदेश कानुन निर्माणका संवैधानिक सीमाहरू, सङ्घीय ईकाईहरूले कानुन निर्माण र कार्यान्वयन गर्ने अधिकार प्रयोगको समग्र अवस्था, प्रदेश तथा स्थानीय कानुन निर्माणका लागि सहजीकरण गर्न बनेको सङ्घीय कानुन, प्रदेश र स्थानीय तहको कानुन निर्माण र कार्यान्वयन गर्ने अधिकार प्रयोगका सन्दर्भमा सर्वोच्च अदालत संवैधानिक इजलासबाट भएका आदेशको मुख्य पक्ष, लुम्बिनी प्रदेशबाट हालसम्म जारी भएका ऐनहरू, प्रदेश कानुन निर्माण र कार्यान्वयनमा मुख्य न्यायाधिवक्ताको कार्यालयको भूमिका समेतका विषयमा आफ्नो प्रस्तुति गर्नुभएको र सहभागिबाट समेत उठेका रचनात्मक जिज्ञासा उपर सम्बोधन समेत गर्नुभएको।प्रदेश कानुनको निर्माण र कार्यान्वयनका सन्दर्भमा मुख्य न्यायाधिवक्ताको देहाय बमोजिमको भूमिका हुने;

- ✓ संवैधानिक व्यवस्था र संघीय कानूनको प्रतिकूल नहुने गरी प्रदेश कानून निर्माण गर्न मुख्य न्यायाधिवक्ताले प्रदेश सरकार / प्रदेश सभा लगायत प्रदेश सरकार मातहतका निकाय / पदाधिकारीलाई राय सुझाव दिनसक्ने।
- ✓ निर्माण भएका प्रदेश कानूनको प्रभावकारी कार्यान्वयनका लागि मुख्य न्यायाधिवक्ताको कार्यालयले जनचेतनामूलक कार्यक्रम र परामर्श कार्यक्रम गर्नुपर्ने ।
- ✓ सम्बन्धित सरोकारवाला निकाय/पदाधिकारीले उचित रुपमा प्रदेश कानून निर्माण र कार्यान्वयनका लागि कानूनका ज्ञाता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार मुख्य न्यायाधिवक्ता तथा निजको कार्यालयबाट समूचित सेवा लिनुपर्ने ।

**२. प्रदेश कानुन निर्माणको समीक्षाः वरिष्ठ अधिवक्ता श्री टिकाराम भट्टराई**

- सङ्घीय राज्यमा राज्यशक्तिको बाँडफाँट, प्रदेशको एकल तथा साझा विधायिकी अधिकार, साझा अधिकार र असङ्गतिपूर्ण कानुन, प्रदेश कानुनको न्यायिक पुनरवलोकन, लुम्बिनी प्रदेश सभामा कानुन निर्माणको वस्तुस्थिति, प्रदेश कानुन निर्माणका मुलभूत चुनौतीहरू र सङ्घीयता सबलीकरणमा त्यसको प्रयोग समेतका विषयमा आफ्नो प्रस्तुति गर्नुभएको थियो। प्रस्तुतिकै क्रममा सङ्घीयता कार्यान्वयनसँग सम्बन्धित विभिन्न प्रदेश र स्थानीय तहबाट उठेका कानुनी प्रश्नहरू उपर अदालतको दृष्टिकोण समेत प्रस्तुत गरी सैदान्तिक एवं व्यवहारिक रूपमा आफ्नो प्रस्तुति राख्नुभएको र सरोकारवालाहरूबाट उठेका जिज्ञासा उपर समेत आफ्नो बुझाई व्यक्त सहजीकरण गर्नु भएको गर्नुभएको थियो। प्रस्तुतिमा उठान भएका मुख्य मुख्य सवालहरु देहाय छन्;
  - ✓ संघीय राज्यमा राज्य शक्तिको बाँडफाँड
  - ✓ प्रदेशको विधायिकी अधिकारः एकल र साझा
  - ✓ एकल अधिकारः पूर्ण अधिकार वा संघीय सर्वोच्चता
  - ✓ साझा अधिकार र असङ्गतिपूर्ण कानून
  - ✓ प्रदेश कानूनको न्यायिक पुनरावलोकन
  - ✓ लुम्बीनी प्रदेश सभा कानून निर्माणको वस्तुस्थिति
  - ✓ प्रदेश कानून निर्माणका मूलभुत चुनौतीहरु र संघीयता सबलीकरणमा त्यसको प्रभाव

**३. प्रदेश कानुन कार्यान्वयनको समिक्षा एवं प्रभावकारी कार्यान्वयनका लागि सुझावहरूः माननीय न्यायाधीश श्री टेक प्रसाद ढुङ्गाना (सर्वोच्च अदालत)**

- सङ्घीय शासन प्रणाली, नेपालको सङ्घीय संरचना, प्रदेशको सक्षमता, सङ्घीयता कार्यान्वयनको आठ वर्षको अभ्यास र चुनौतिहरू, कानुन निर्माण र कार्यान्वयनमा प्रदेशबाट गरिएका अपेक्षा, प्रदेशको कानुन निर्माणको सीमाहरू, सङ्घीय विवाद निरूपणमा आकर्षित हुने केही सिद्धान्तहरू, अमेरिका र क्यानडाका केही उदाहरण र अभ्यासहरू समेतको प्रस्तुति गर्नुभएको र सरोकारवालाहरूबाट प्रस्तुतिको क्रममा उठेका जिज्ञासाहरू समेतको सम्बोधन गर्नुभएको।
  - ✓ प्रदेश कानुन निर्माण गर्दाका चुनौतीहरुले गर्दा कार्यान्वयनमा समस्या देखिएको ।
  - ✓ प्रदेश कानुन कार्यान्वयनमा कतिपय प्रावधानहरु बाधक रहेका ।

- ✓ संघीयताको उद्देश्य समावेशिता र सहभागिता प्रवर्द्धन गरी राष्ट्रिय एकता कायम राख्नु ।
- ✓ सबै तहका शक्तिको स्रोत संविधान, सबै तहका सरकारको शक्ति सीमित,
- ✓ साझा सुचीका विषयमा विधायिकी र कार्यकारिणी सक्षमता श्रेणीवद्धतामा आधारित,
- ✓ संघलाई अवशिष्ट अधिकार ।
- ✓ सबै तहको स्वायत्तता संविधान बमोजिम सुरक्षित ।
- ✓ संघ प्रदेश र स्थानीय तहकावीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित ।
- ✓ सबै तहवीच समन्वय गर्ने अधिकार संघमा निहित छ, राष्ट्रिय एकताका लागि संघले प्रदेशलाई निर्देशन दिन सक्ने

<u>**तेस्रो सत्रः समूहगत छलफल एवं निष्कर्षको प्रस्तुति**</u>

**१.नेपाल बार एसोसियसनको समूहबाट**

- प्रस्तुतकर्ता अधिवक्ता श्री प्रल्हाद प्रसाद कार्की
- प्रदेश सरकारले बनाएका कानुनहरूको सर्वसाधारणलाई थाहा जानकारी हुन नसकेको,
- निर्माण भई कार्यान्वयनमा गएका कानुनहरू सङ्घीय कानुनसँग समन्वय भएका छैनन, जस्तैः शिक्षा ऐन,
- प्रदेश सरकारबाट आम जनताले अपेक्षा गरे अनुरूपको सेवा नपाएको भए तापनि विकास निर्माणका कार्यहरूले भने गति लिएका छन्।
- सङ्घ र प्रदेश बीचको समन्वयको अभाव देखिएको छ, निर्वाचन प्रणालीमा परिवर्तन हुन आवश्यक देखिन्छ। सरोकारवालाहरूसँग समन्वय गरिरहनु पर्छ। स्थानीय तहको सङ्ख्या घटाउन उत्तम हुन्छ।
- सङ्घीय कानुन नबनेको कारण प्रदेश र स्थानीय कानुनहरू कार्यान्वयनमा समस्या देखिएको छ।
- माननीय सांसदले कानुन बनाउने काम गर्नुपर्छ विकास निर्माणमा उहाँहरू अल्झिन हुँदैन।राजनीतिक दलहरू सङ्घीयतालाई कार्यान्वयन गर्न उत्प्रेरित हुनुपर्दछ।
- सांसदबाट मन्त्री हुने व्यवस्था हटाउनु पर्छ। विशेषज्ञताको आधारमा मन्त्रीपरिषद्को गठन हुनुपर्दछ।
- संविधानका एकल अधिकार सूचीको अभ्यास सफल हुन सकेको छैन।
- सरकारको भूमिका अभिभावकको जस्तो हुनुपर्छ। मुख्य न्यायाधिवक्ताको कार्यालयले सरकार र जनताबीच पुलको काम गर्नुपर्दछ। अदालतबाट भएका आदेश कार्यान्वयनमा प्रभावकारी भूमिका निर्वाह गर्नुपर्दछ।
- प्रदेस सरकारले कानुन निर्माण गर्दा स्थानीय बार एसोसियसनहरूलाई अनिवर्य रूपमा सहभागी गराउनु पर्दछ। बनेका कानुनहरूको उत्तर विधायिकी परीक्षण हुनुपर्दछ।

**२. प्रदेश सभाका सदस्यहरूको समूहबाट**

- प्रस्तुतकर्ता माननीय भोजप्रसाद श्रेष्ठ
- प्रदेशको कानुनहरू सरकार सञ्चालनको सहजता र आवश्यकताको आधारमा बनेका हुन, ती कानुनहरूमध्ये जुन जुन कानुनहरू पूर्ण कार्यान्वयनमा जान सकिरहेका छैनन तिनको समिक्षा गर्नुपर्ने देखिन्छ।

- कानुनको प्रभावकारी कार्यान्वयन गर्न Post Legislative Scrutiny गर्न जरुरी देखिन्छ। कानुनहरूको अन्तरक्रिया गर्दै सचेतना बढाउनुपर्ने देखिन्छ।
- प्रदेश सभामा ऐन निर्माण गर्न विज्ञहरूको टिम हुनुपर्छ त्यसका लागि प्रदेश सभा सचिवालयमा आवश्यक दरबन्दीको व्यवस्था सरकारले गर्नुपर्छ।
- संविधानतः प्रदेशमा अधिकार प्रत्यायोजन भएको छ र सेवाग्राहीको पहुँचमा प्रदेश सरकार रहेको छ। विकास परियोजना कार्यान्वयनमा लैजान केन्द्रमा धाउनुपर्ने अवस्थाको अन्त्य भएको छ।
- सङ्घीय कानुनहरू बन्न नसक्दा प्रदेश सरकारले बनाएका कानुनहरू कार्यान्वयनमा लैजान कठिनाई उत्पन्न भएको छ। सुशासनको कार्यान्वयनमा व्यवस्था परिवर्तन भएपनि सोच चिन्तन र शैली पुरानै कायम हुनु मुख्य कारण हो।
- सङ्घीयताको विशेषता र राम्रो पक्षमा सचेतना फैलाउनु पर्छ।
- राजनीतिक सङ्घीयता सफल, प्रशासनिक र वित्तीय सङ्घीयता कमजोर भएको छ। सङ्घीय कानुन निर्माण र सङ्घीयताको मर्म प्रति केन्द्र जवाफदेही हुनुपर्छ।
- प्रदेश सरकार संविधानले परिकल्पना वा व्यवस्था गरे बमोजिम स्वात्तय, सवल र प्रभावकारी हुनुपर्ने।
- तीन तहका सरकारकाबिच समन्वय सहकार्य र अन्तरसम्बन्धलाई प्रभावकारी बनाउन बनेका संयन्त्रहरूलाई नियमित र क्रियाशील बनाउनुपर्ने।
- संविधानको अनुसूचीमा रहेका प्रदेश सरकारका अधिकारहरूको पुनरवलोकन हुनुपर्ने।
- अन्तरसम्बन्ध कायम गर्ने संवैधानिक संयन्त्रहरू सक्रिय हुनुपर्ने।
- स्थानीय तहहरूबिच उत्पन्न राजनीतिक तथा कानुनी विवाद त्यसै गरी प्रदेश सरकार र स्थानीय तहबिच उत्पन्न विवाद समाधानका लागि प्रदेश सभा प्रभावकारी हुनुपर्ने, आवश्यकता अनुसार विषयगत समितिहरू र विशेष समितिहरूलाई क्रियाशील बनाउनुपर्ने।
- मुख्य न्यायाधिवक्ताको कार्यालयको भूमिका सरकारका कानुन सम्मत कामहरूको प्रभावकारी रक्षा, सरकारले आवश्यक ठानेका कानुनहरूको निर्माणमा भूमिका र प्रदेश सरकार, स्थानीय सरकार र संघीय सरकार बीचको कानुन निर्माण र कार्यान्वयनमा प्रभावकारी भूमिका हुनुपर्ने।
- प्रदेश सरकार प्रदेश संसद तथा मुख्य न्यायाधिवक्ताको कार्यालयले आपसी संवाद र अन्तरक्रियालाई नियमित र जीवन्त बनाउनुपर्छ, एकले अर्काको अधिकार कार्यान्वयमा अहस्तक्षेपको व्यवस्था सुनिश्चित गर्नुपर्छ, सरकारका नीतिहरू र योजनाहरूको चुस्त कार्यान्वयनका लागि संसदीय निगरानी गर्ने प्रणालीलाई प्रभावकारी बनाउनुपर्छ, सुशासनका लागि बनेका कानुनहरूको प्रभावकारी कार्यान्वयनको सुनिश्चिता गर्नुपर्छ।

**३.उच्च तथा जिल्ला आदालतका न्यायाधीशहरूको समूहबाट**

- प्रस्तुतकर्ता माननीय न्यायाधीश वासुदेव आचार्य
- कानुनको आवश्यकताको पहिचान, कानुनको तर्जुमा तथा मस्यौदा लेखनमा समस्या देखिएको,
- रिट तथा निवेदनको सुनुवाई गरिरहँदा कानुन निर्माणमा अदालत नै जोडिनुपर्ने देखिएको,

- क्षेत्राधिकारमा द्विविधा रहेको (जिल्ला हो वा उच्च अदालत), संघीय कानुनसँग बाँझिएको, जस्तैः निजामती सेवा सम्बन्धी ऐन, शिक्षा ऐन आदि।
- कानुन निर्माण गर्दा संविधानले दिएको अनुसूचीलाई ध्यान नदिइएको,
- कानुन कुन समूह वा वर्गको वा क्षेत्रको हितका लागि ल्याइएको हो त्यस्ता सरोकारवालाहरूलाई सहभागी गराई अन्तरक्रिया हुने नगरेको,
- नदीजन्य तथा प्राकृतिक स्रोत साधनको उपभोगमा विरोधाभाष व्यवस्थाले गर्दा जटिलता देखिएको।

**४. प्रदेशमा कार्यरत कर्मचारीहरूको समूहबाट**

- प्रस्तुतकर्ता प्रदेश सचिव श्री लिलाधर सुवेदी
- कानुनको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। कानुनहरूमा दोहोरोपना र अस्पष्टता रहेको। कानुन निर्माण गर्दा दण्ड जरिबाना बिना निर्माण गर्दा कार्यान्वयनमा प्रभावकारीता नरहेको।
- विधायिकाको स्वामित्व कम देखिएको छ। मूल ऐनभन्दा कार्यविधि बढी सक्रिय भएको देखिन्छ।
- Copy Paste गरी कानुन निर्माण गर्दा कार्यान्वयमा जटिलता र द्विविधा उत्पन्न भएको।
- सदनलाई Business दिनको लागि कानुन बनाउने गरेको। कानुनको तर्जुमा गर्दा सीपयुक्त जनशक्तिको अभाव र श्रोतको अप्रयाप्तता देखिएको।
- आवश्यकताको पहिचान बिना कानुन बनेकोले कार्यान्वयनमा समस्या देखिएको। नीतिले कानुनलाई सम्बोधन गरेन र कानुनहरूको अद्यावधिक समेत समयमा नभएको।
- कानुन निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाउनको लागि राजनीति, प्रशासन, बजेट र संरचनाको भूमिका महत्त्वपूर्ण हुने।
- भएका कानुनहरूको Revisit/Review गर्ने, पूर्व विधायिकी र उत्तर विधायिकी परीक्षणमा जाने, अनावश्यक कानुनहरू खारेज गर्ने, स्रोत सुनिश्चित गरी कानुन कार्यान्वयनको अनुकूल वातावरण तयार गर्ने, राजनीतिक नेतृत्व र कर्मचारी बीच विश्वासपूर्ण सम्बन्धको विकास गर्ने, अन्तर प्रदेश परिषदको सक्रियता बढाउने, प्रदेश सभा समितिले दिएका निर्देशन कार्यान्वन गर्ने, कानुन आयोगबाट Review गराउने, कर्मचारीको स्थिरतालाई जोड दिने।
- मुख्यमन्त्रीको कार्यालयबाट हाल भइरहेका कार्यहरुः कानुन सचिवको संयोजकत्वमा कानुन अध्ययन कार्यदल गठन गरी TOR दिइएको, नेपाल कानुन आयोगलाई १० वटा कानुनहरूको Review को लागि पठाएको, स्थानीय तहमा कानुन निर्माणमा एकरूपता कायम गर्न आवश्यक कार्य अघि बढाइएको, प्रदेश सभा सदस्यहरूलाई कानुन सम्बन्धी प्रशिक्षण गराउने योजना रहेको।
- सङ्घीयताको सफल कार्यान्वयनका लागि नेतृत्वदायी सङ्घ सरकार, समन्वयकारी प्रदेश सरकार र कार्यकारी स्थानीय तह हुनुपर्दछ।

## परिच्छेद-३ चुनौती तथा समस्या र समाधानका लागि सुझावहरु

### प्रदेश कानुन निर्माण तथा कार्यान्वयनका चुनौती तथा समस्याहरु

#### प्रदेश कानुन निर्माण चुनौती तथा समस्याहरु ( प्रदेश सभा तथा प्रदेश सरकार समेत)

१. कानुनको आवश्यकताको पहिचान, कानुनको तर्जुमा तथा मस्यौदा लेखनमा समस्या देखिएको, प्रदेश कानुन निर्माणमा विज्ञ व्यक्तिको अभाव तथा प्रदेशका सबै सदस्यहरुको कानुन निर्माणमा कम रुचि देखिएको ।

२. संघ र प्रदेशको साझा अधिकार विषयको कानुन निर्माण गर्ने सन्दर्भमा संघले प्रदेशलाई यथोचित मागदर्शन दिन नसकेको र कानुन निर्माण र कार्यान्वयनमा एकआपसमा सहयोग गर्ने भन्ने परिपाटी बन्न नसकेको र संघले कानून नबनाई प्रदेशले बनाउन नसकिने वा नहुने भनी व्याप्त रहेको लघुताभाष,

३. अधिकार प्रयोगमा कम सक्रियता,

४. सहभागितामूलक कानून निर्माण पद्दति अबलम्बन हुन नसक्नु,

५. रुपान्तरणमूखी कानून निर्माण हुन नसक्नु (राज्य संरचना, प्रशासन, आर्थिक व्यवस्थापनमा मात्र केन्द्रित हुनु),

६. कुन कानून अनुसूचीको कुन अधिकारसम्बद्द छ भनी स्पष्टता भई निर्माण नहुनु,

७. अनूसूची-------कानून (अधिकारको प्रयोग पूर्ण रुपमा नहुनु),

८. अन्तरसम्बन्धका नाममा केन्द्रीकित अभ्यास हुनु,

९. दोहोरोपन र साझा अधिकारले प्रदेश अधिकार संकुचित हुनु,

१०. दोहोरोपन र संघीय रुपरेखा भित्रैका कानून

११. प्रदेश कानून निर्माण भएका विषयहरुमा संघीय कानूनकै संरचना तथा अन्तरवस्तुरहेको, रुपरेखा एउटै रहेको हुँदा प्रदेशको वास्तविक आवश्यकता र स्थानीय विशेषता विनाका कानूनहरुको निर्माण हुने गरेको

१२. अन्तर प्रदेश समन्वयमा कमि छ, समान प्रकृतिको विषयमा पनि प्रदेश—प्रदेशबीचमा फरक—फरक कानुन निर्माण भएका छन् ।

१३. संघ र प्रदेशको साझा अधिकार विषयको कानुन निर्माण गर्ने सन्दर्भमा संघले प्रदेशलाई यथोचित मागदर्शन दिन नसकेको र कानुन निर्माण र कार्यान्वयनमा एकआपसमा सहयोग गर्ने भन्ने परिपाटी बन्न सकेको छैन।

१४. यसका अतिरिक्त माथी छलफल तथा प्रस्तुतीकरण खण्डमा समुहगत प्रस्तुतीकरणमा व्यक्त गरिएका समस्याहरु पनि विद्यमान छन् ।

#### प्रदेश कानुन कार्यान्वयनमा चुनौती तथा समस्याहरु ( प्रदेश सभा तथा प्रदेश सरकार समेत)

१५. प्रदेश सरकारले बनाएका कानुनहरूको पर्याप्त प्रचारप्रसार नहुँदा सर्वसाधारणलाई थाहा जानकारी हुन नसकेको,

१६. प्रदेश संग प्रत्यक्ष सरोकार राख्ने ( तीनै तहको साझा/ संघ र प्रदेशको साझा अधिकार) सङ्घीय कानुन नबनेको कारण प्रदेश र स्थानीय कानुनहरू कार्यान्वयनमा समस्या देखिएको छ ।

१७. संघीयतामा समग्र निजामती प्रशासनलाई निर्देश गर्ने संघीय कानुन बनिनसकेको अवस्थामा प्रदेशले भर्ना गरेका कर्मचारीको वृत्तिविकास,सुविधा,सरुवाजस्ता कार्यमा अन्योलता रहेको अवस्था छ।

१८. संघ र प्रदेशले निर्माण गरेका वनसम्बन्धी कानुनमा रहेको दोहोरो व्यवस्था र निहित रहेको कानुनी प्रावधान कार्यान्वयन गर्न जटिलता सिर्जना भएको छ।

१९. प्रदेश राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना र प्रदेश राष्ट्रिय गौरवको आयोजनाले प्रयोग गर्ने राष्ट्रिय वन र अन्य सरकारी जग्गा प्रयोगसम्बन्धी निर्णय नेपाल सरकारबाट हुनुपर्ने प्रचलित संघीय कानुनमा भएको व्यवस्थाले प्रदेश राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना र प्रदेश राष्ट्रिय गौरवको आयोजनाको समय र लागत बढी लाग्ने गरेको अवस्था छ।

२०. नदीजन्य प्रदार्थको संकलन, प्रयोग र भण्डारणमा नेपाल सरकार, प्रदेश सरकारको दोहोरो मापदण्ड छ।

२१. उद्योग दर्ता र नियमन गर्नेसम्बन्धी विषयमा संघ र प्रदेशबीच दोहोरो मापदण्ड देखिएका छन्।

२२. प्रदेशले कर उठाउने र राजस्व संकलन गर्ने विषयमा अस्पष्ट नीति र कानुन छ। भूमि,गुठी व्यवस्थापन र अभिलेखन गर्ने कार्यमा जटिलता देखिएको छ।

२३. संघ र प्रदेशबीच कर तथा सेवा शुल्क, दस्तुरजस्ता विषयमा दोहोरोपन भएको र एकद्वार पद्धतिबाट एकीकृत रूपमा कर, सेवा शुल्क तथा दस्तुर लिने कानुनी व्यवस्था नभएको अवस्था छ ।

२४. प्रदेशको कानुनहरू सरकार सञ्चालनको सहजता र आवश्यकताको आधारमा बनेका हुन, ती कानुनहरूमध्ये जुन जुन कानुनहरू पूर्ण कार्यान्वयनमा जान सकिरहेका छैनन तिनको समिक्षा गरिएको छैन ।

२५. नेपालको संविधानमा परिकल्पना नगरिएको प्रदेश सरकार वादी हुने मुद्दामा र नेपाल सरकार वादी हुने मुद्धामा अवस्थाको विश्षेलण नगरिएको ।

२६. प्रदेश कानूनले कसूर मानेको कार्यमा हुने दण्ड जरिवाना संघीय सञ्चित कोषमा जाने हो वा प्रदेश सञ्चित कोषमा प्रष्ट नभएको तथा दण्डजरिवाना गर्ने अधिकारी र पुनारावेदन गर्ने निकायहरु दुविधामा रहेका

२७. यसका अतिरिक्त माथी छलफल तथा प्रस्तुतीकरण खण्डमा समुहगत प्रस्तुतीकरणमा व्यक्त गरिएका समस्याहरु पनि विद्यमान छन् ।

## प्रदेश कानुन निर्माण तथा कार्यान्वयनका लागी सुझावहरु

### प्रदेश कानुन निर्माणका लागी सुझावहरु ( प्रदेश सभा तथा प्रदेश सरकार समेत)

१. प्रदेशले अध्ययन अनुसन्धान र आवश्यकता पहिचान गरी कानुन तर्जुमा गर्नुपर्ने, कानुन निर्माणसम्बन्धी प्रदेश नीति जारी हुनुपर्ने, हतारहतारमा कानुन तर्जुमा गर्ने कार्यशैलीलाई निरुत्साहित गर्नुपर्ने, सरोकारवाला निकाय र व्यक्ति वा समूहबीचमा व्यापक परामर्श छलफल गरी कानुन तर्जुमा गर्नुपर्ने, ऐन तर्जुमा गर्दा नियमावलीसमेत एकैसाथ तर्जुमा गर्नुपर्ने, केही विशेष ऐन तर्जुमा गर्न सम्बन्धित निकायबाट तर्जुमा निर्देशन जारी हुनुपर्ने ।

२. संघ र प्रदेशको साझा अधिकार विषयको कानुन निर्माण गर्ने सन्दर्भमा संघले प्रदेशलाई यथोचित मागदर्शन दिने र कानुन निर्माण र कार्यान्वयनमा एकआपसमा सहयोग गर्ने भन्ने परिपाटीको विकास गर्ने र संघले कानून नबनाई प्रदेशले बनाउन नसकिने वा नहुने भनी व्याप्त रहेको लघुताभाष अन्त्य गर्ने।

३. अधिकार प्रयोगमा सक्रिय रहने ।

४. सहभागितामूलक कानून निर्माण पद्दति अबलम्बन गर्ने र रुपान्तरणकारी कानून निर्माणमा ध्यान दिने ।

५. प्रदेश कानूनको आवधिक पुनरावलोकन, अभिलेखिकरण तथा यस सम्बन्धी अनुसन्धानार्थ संस्थागत संरचना निर्माण गरिनुपर्ने,

६. कानून निर्माणको विषय पहिचानलाई अनुसूचीको आधारमा अनिवार्य परिक्षण गरिनुपर्ने,

७. साझा अधिकारमा कानून निर्माण गर्दा आयतनको लाभ(economics of scale) लाई ध्यान पुर्याउनुपर्ने,

८. सेवा प्रवाह इकाईहरु खप्टिने, दोहोरिने खालका कानून निर्माण गर्नबाट सतर्कता अपनाउने,

९. साझा अधिकारको विषयमा सन्निकटाको सिद्दान्त (principle of subsidiarity) अबलम्बन गर्ने

१०. सैद्दान्तिक आधारहरुको सन्दर्भमा यसअघि निर्माण भएका संघीय कानून र पूर्वाभ्यासलाई सान्दर्भिक भएता पनि पुनारावलोकन गर्दै जाने,

११. अदालती दृष्टिकोणहरुमा उचित ध्यान पुर्याइनुपर्ने,

१२. साझा अधिकारको प्रयोगमा संघलाई पर्खिनुपर्ने आवश्यकता नरहेकाले प्रदेश सभाले त्यसतर्फ सक्रियता देखाउन सक्ने,

१३. उत्तरविधायिकि परिक्षणलाई अबलम्बन गर्न आवश्यक रहेको ।

१४. संघ, प्रदेश तथा स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको बाँडफाँड र विस्तृतीकरण प्रतिवेदन( Unbundling) लाई सन्दर्भ सामग्री मान्न सकिने

१५. यसका अतिरिक्त माथी छलफल तथा प्रस्तुतीकरण खण्डमा समुहगत प्रस्तुतीकरणमा व्यक्त गरिएका सुझावहरु समेतलाई ध्यान दिनुपर्छ ।

**प्रदेश कानुन कार्यान्वयनका लागी सुझावहरु ( प्रदेश सभा तथा प्रदेश सरकार समेत)**

१६. प्रदेश सरकारले बनाएका कानुनहरूको पर्याप्त प्रचारप्रसार गरी सरोकारवाला एवं सर्वसाधारणलाई थाहा जानकारी गराउने,

१७. मौजुदा कानुनहरुको Revisit/Review गर्ने, पूर्व विधायिकी र उत्तर विधायिकी परीक्षणमा जाने, अनावश्यक कानुनहरू खारेज गर्ने, स्रोत सुनिश्चित गरी कानुन कार्यान्वयनको अनुकूल वातावरण तयार गर्ने, राजनीतिक नेतृत्व र कर्मचारी बीच विश्वासपूर्ण सम्बन्धको विकास गर्ने, अन्तर प्रदेश परिषदको सक्रियता बढाउने, प्रदेश सभा समितिले दिएका निर्देशन कार्यान्वन गर्ने, कानुन आयोगबाट Review गराउने, कर्मचारीको स्थिरतालाई जोड दिने

१८. नेपालको संविधानमा परिकल्पना नगरिएको प्रदेश सरकार वादी हुने मुद्दामा र नेपाल सरकार वादी हुने मुद्धामा महान्यायाधिवक्ता कार्यालय एवं मुख्य न्यायाधिवक्ताको कार्यालय संग आवश्यक समन्वय गर्ने ।

१९. प्रदेश सरकार प्रदेश संसद तथा मुख्य न्यायाधिवक्ताको कार्यालयले आपसी संवाद र अन्तरक्रियालाई नियमित र जीवन्त बनाउनुपर्छ, एकले अर्काको अधिकार कार्यान्वयमा अहस्तक्षेपको व्यवस्था सुनिश्चित गर्नुपर्छ, सरकारका नीतिहरू र योजनाहरूको चुस्त कार्यान्वयनका लागि संसदीय निगरानी गर्ने प्रणालीलाई प्रभावकारी बनाउनुपर्छ, सुशासनका लागि बनेका कानुनहरूको प्रभावकारी कार्यान्वयनको सुनिश्चिता गर्नुपर्छ।

२०. निर्माण भएका कानुन कार्यान्वयनको विधायिका परीक्षण हुनुपर्छ।

२१. प्रदेश राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना र प्रदेश राष्ट्रिय गौरवको आयोजनाले प्रयोग गर्ने राष्ट्रिय वन र अन्य सरकारी जग्गा प्रयोगसम्बन्धी निर्णय प्रदेशले गर्न सक्ने गरी संघीय कानुन परिमार्जन हुनुपर्दछ।

२२. कर तथा सेवा शुल्क, दस्तुरजस्ता विषयमा नेपाल सरकार र प्रदेश सरकारबीचमा एकीकृत तथा एकद्वार पद्धतिबाट कर, सेवा शुल्क तथा दस्तुर लिने कानुनी व्यवस्था गर्नुपर्दछ ।

२३. नेपालको संविधानमा परिकल्पना नगरिएको प्रदेश सरकार वादी हुने मुद्दामा र नेपाल सरकार वादी हुने मुद्धामा महान्यायाधिवक्ता कार्यालय एवं मुख्य न्यायाधिवक्ताको कार्यालय संग आवश्यक समन्वय गर्ने ।

२४. यसका अतिरिक्त माथी छलफल तथा प्रस्तुतीकरण खण्डमा समुहगत प्रस्तुतीकरणमा व्यक्त गरिएका सुझावहरु समेतलाई ध्यान दिनुपर्छ ।

अनुसूची-१ कार्यक्रम तालिका

## कार्यक्रम तालिका

**मिति: २०८२।०३।०६**

**स्थान: होटल ग्रिन लुम्बिनी, लमही दाङ**

| **क्र.स.** | **समय** | **कार्यक्रम** | **जिम्मेवारी/ समन्वय** | **कैफियत** |
|---|---|---|---|---|
| १. | बिहान ८:००- ९:०० सम्म | **आगमन**<br>चिया/खाजा तथा सहभागी दर्ता | श्री इन्दु बसेल स.न्या<br>श्री बिरेन्द्र कुमार लाल दास ना.सु | |
| २. | बिहान ९:००- १०:०० सम्म | **उद्घाटन समारोह** | श्री तेजप्रसाद पाण्डे स.न्या | |
| | | **आशन ग्रहण** | | |
| | | **अध्यक्षता**: मा. मुख्य न्यायाधिवक्ता श्री यमलाल खनाल ज्यू | | |
| | | **प्रमुख अतिथि** : मा. मुख्यमन्त्री श्री चेतनारायण आचार्य ज्यू | | |
| | | **विशेष अतिथि**: सर्वोच्च अदालतका मा. न्यायाधीश श्री टेक प्रसाद ढुङ्गाना ज्यू | | |
| | | **विशेष अतिथि**: मा. महान्यायाधिवक्ता श्री रमेश वडाल ज्यू | | |
| | | **विशेष अतिथि**: मा.सभामुख श्री तुलाराम घर्तिमगर ज्यू | | |
| | | **अतिथिहरु** | | |
| | | **अतिथी**- उच्च अदालतका तुल्सीपुरका मुख्य न्यायाधीश श्री राजेश्वर तिवारी ज्यू | | |
| | | **अतिथी**: प्रदेश सरकारका मन्त्रीज्यूहरु | | |
| | | **अतिथी**: प्रदेश सभा उपसभामुख ज्यू | | |
| | | **अतिथि**: प्रदेश सभाका विभिन्न समितिका माननिय सभापति ज्यूहरु | | |
| | | **अतिथि**: संसदिय दलका नेता ज्यूहरु | | |
| | | **अतिथी**: प्रदेश सभाका विभिन्न दलका सचेतकहरु एंव प्रदेश सभाका सदस्यहरु ज्यू | | |
| | | **अतिथी**: प्रदेश सरकारका प्रमुख सचिव श्री बाबुराम अधिकारी ज्यू | | |
| | | **अतिथी**: नायव महान्यायाधिवक्ता श्री लोकराज पराजुली ज्यू | | |
| | | **अतिथी**: उच्च अदालतका न्यायाधीश ज्यूहरु | | |
| | | **अतिथी**: प्रदेश सभाका सचिव श्री दुर्लभ कुमार पुन मगर ज्यू | | |

| | | | | |
|---|---|---|---|---|
| | | **अतिथी**: प्रदेश लोकसेवा आयोगका अध्यक्ष ज्यू | | |
| | | **अतिथी**: विज्ञ प्रशिक्षक एवं बरिष्ठ अधिवक्ता श्री टिकाराम भट्टराई ज्यू | | |
| | | **अतिथी**: अध्यक्ष राप्ती गाँउपालिका ज्यू | | |
| | | **अतिथी**: प्रदेश सरकारको सचिवहरु | | |
| | | **अतिथी**: महान्यायाधिवक्ता कार्यालयबाट आउनु भएका सहन्यायाधिवक्ता ज्यू एंव उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता ज्यूहरु | | |
| | | **अतिथी**: उच्च अदालतका रजिस्टार ज्यूहरु | | |
| | | **अतिथी**: माननीय जिल्ला न्यायाधीशहरु | | |
| | | **अतिथी**: प्रमुख जिल्ला अधिकारी ज्यू दाङ | | |
| | | **अतिथी**: प्रदेश प्रहरी प्रमुख, प्रहरी नायव महानिरिक्षक ज्यू | | |
| | | **अतिथी**: पुर्व मुख्य न्यायाधिवक्ता ज्यूहरु | | |
| | | **अतिथी**: पार्षद ज्यू ,नेपाल कानुन व्यवसायी परिषद लुम्बिनी | | |
| | | **अतिथी**: जिल्ला न्यायाधिवक्ताहरु | | |
| | | **अतिथी**: उच्च अदालत बार एकाई अध्यक्ष/ बरिष्ठ अधिवक्ता/ अधिवक्ता ज्यूहरु | | |
| | | **अतिथी**: कार्यक्रमको माइनुट समितिका संयोजक कृष्णप्रसाद नेपाल सदस्यहरु राजेन्द्र प्रसाद अधिकारी र लोकमणि पाण्डे उपसचिव कानुन | | |
| | | **अतिथी**: विभिन्न मन्त्रालयका महाशाखा प्रमुखहरु एवं कानुन शाखामा कार्यरत कानुन अधिकृत ज्यूहरु | | |
| | | **अतिथी**: नेपाल पत्रकार महाँसघ दाङ/मुख्यमन्त्रीज्यूका प्रेस सल्लाहकार दशरथ घिमिरे | | |
| ३ | | राष्ट्रिय गान | | |
| | | कार्यक्रमको उद्देश्यमाथी प्रकाश एंव स्वागत मन्तव्य | उपन्यायाधिवक्ता डा. सूर्यप्रसाद पौडेल | |
| | | पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको समुद्धाटन | **प्रमुख अतिथि माननीय मुख्यमन्त्री** | |
| | | शुभकामना/ प्रशिक्षणात्मक मन्तव्य<br>➢ प्रदेश सभाका माननीय सभामुख ज्यू,(प्रदेश कानुन निर्माण) | | |

| | | | | |
|---|---|---|---|---|
| | | ➢ माननीय महान्यायाधिवक्ता ज्यू (संघियता र प्रदेश कानुन निर्माणमा ध्यान दिनुपर्ने पक्षहरु)<br>➢ लुम्बिनि प्रदेश सरकारका मुख्यमन्त्री ज्यू (प्रदेश कानुन कार्यान्वयनका सवालहरु) | | |
| चिया ब्रेक | | | | |
| ४ | | **प्रस्तुतीकरण सत्र** | | |
| ५ | ११:००- ११:४० | प्रदेशको कानुन निर्माण तथा कार्यान्वयनमा मुख्य न्यायाधिवक्ता कार्यलयको भूमिका | नायव महान्यायाधिवक्ता श्री लोकराज पराजुली | ४० मिनेट |
| ६ | ११:४० देखि १२:३० | प्रदेश कानुन निर्माणको समिक्षा( समस्या तथा चुनौती र सुझावहरु) एंव सरोकारवालहरुको भूमिका | बरिष्ठ अधिवक्ता श्री टिकाराम भट्टराई | ५० मिनेट |
| चिया ब्रेक | | | | |
| | १२:३० देखि १:२० सम्म | प्रदेश कानुन कार्यान्वयनको समिक्षा एंव प्रभावकारी कार्यान्वयनको लागि सुझावहरु | माननीय न्यायाधीश श्री टेक प्रसाद ढुङ्गाना | ५० |
| खाना ब्रेक (१:२० बजे देखि २:०० बजे सम्म ) | | | | |
| | २:३० देखि ३:३० सम्म | समुह छलफल (४ समुह)<br>➢ न्यायाधीश एंव सरकारी वकिलहरु- (सहजीकरण: माननीय महान्यायाधिवक्ता ज्यू) लुम्बिनि प्रदेशको कानून निर्माण र कार्यान्वयन<br>➢ प्रदेश सभाका समितिका सभापति/ मन्त्री परिषद- (सहजीकरण: माननीय न्यायाधीश टेकप्रसाद ढुङ्गाना ज्यू) लुम्बिनि प्रदेशको कानून निर्माण<br>➢ नेपाल बार एशोसियसन- (सहजीकरण: नायव महान्यायाधिवक्ता श्री लोकराज पराजुली) लुम्बिनि प्रदेशको कानून निर्माण र कार्यान्वयन<br>➢ प्रदेशका प्रमुख सचिव एंव सचिवहरु/प्र.जि.अ/प्र.प्रहरी प्रमुख/प्रदेश कानुन महाशाखा प्रमुख- (सहजीकरण: बरिष्ठ अधिवक्ता श्री टिकाराम भट्टराई ज्यू ) लुम्बिनि प्रदेशको कानून कार्यान्वयन | १ घण्टा | |

| | | | | |
|---|---|---|---|---|
| | | ➢ पुर्व मुख्य न्यायाधिवक्ता ज्यूहरु प्रत्येक समुहमा रही समन्वयको भूमिका निर्वाह गर्नुहुनेछ । | | |
| | ३:३० देखि ४:१५ सम्म | समुह छलफल प्रस्तुती करण/ माइनुटिङ र सुझाव हस्तान्तरण | ४० मिनेट | |
| | ४:१५ देखि ४:५५ सम्म | समापन कार्यक्रम (मन्तव्य सहित )<br>१. सरोकारवालहरु मध्यबाट पुर्व मुख्य न्यायाधिवक्ता श्री तिर्थराज ज्ञवाली (सुझाव सहित)<br>२. प्रमुख सचिव श्री बाबुराम अधिकारी प्रतिबद्धता र सुझाव सहित-<br>३. दलका नेताहरुको तर्फबाट भोजप्रसाद श्रेष्ठ संसदिय दलका उपनेता नेकपा एमाले प्रतिबद्धता र सुझाव सहित-<br>४. मुख्य न्यायधीश माननीय राजेश्वर तिवारी (सुझाव सहित)<br>५. माननीय सभामुख श्री तुलाराम घर्तिमगर (विशेष प्रतिबद्धता र सुझाव सहित)<br>६. माननीय महान्यायधिवक्ता श्री रमेश बडाल (सुझाव सहित)<br>७. प्रमुख अतिथि (विशेष प्रतिबद्धता र सुझाव सहित)<br>८. मुख्य न्यायाधिवक्ता ज्यूबाटबाट समापन | ४० मिनेट | |
| | ४:५५ बजे | चियापान एंव विदाइ कार्यक्रम | | |

**अनसुची -२ उपस्थिति विवरण**

| क्र.स. | नामथर | पद | प्रतिनिधित्व गरेको संस्था |
|---|---|---|---|
| १ | मा. श्री यमलाल खनाल | मुख्य न्यायाधिवक्ता | मुख्य न्यायाधिवक्ताको कार्यालय दाङ देउखुरी |
| २ | मा. श्री चेत नारायण आचार्य | मुख्यमन्त्री | लुम्बिनी प्रदेश सरकार |
| ३ | मा. श्री टेकप्रसाद ढङ्गाना | न्यायाधीश | सर्वोच्च अदालत |
| ४ | मा. श्री रमेश बडाल | महान्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| ५ | मा. श्री तुलाराम घर्ति मगर | सभामुख | लुम्बिनी प्रदेश सभा |
| ६ | मा. श्री राजेश्वर तिवारी | मुख्य न्यायाधीश | तुलसीपुर उच्च अदालत |
| ७ | मा. बासुदेव आचार्य | न्यायाधीश | उच्च अदालत बुटवल |
| ८ | मा. पुण्य शिला दवाडी घिमिरे | न्यायाधीश | उच्च अदालत बुटवल |

| | | | |
|---|---|---|---|
| ९ | मा.जगत बहादुर थापा | न्यायाधीश | उच्च अदालत बुटवल |
| १० | मा.किरण कुमारी गुप्ता | न्यायाधीश | उच्च अदालत बटवल |
| ११ | मा.नारायण प्रसाद पौडेल | न्यायाधीश | उच्च अदालत बुटवल |
| १२ | श्री गोविन्द खनाल | सह न्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| १३ | श्री टिकाराम भट्टराई | वरिष्ठ अधिवक्ता | नेपाल बार |
| १४ | श्री लोकराज पराजुली | नायब महान्यायाधिक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| १५ | मा.भोज प्रसाद श्रेष्ठ | उपनेता नेकपा एमाले | प्रदेश सभा |
| १६ | श्री बाबुराम अधिकारी | प्रमुख सचिव | लुम्बिनी प्रदेश सरकार |
| १७ | मा.रामजी प्रसाद घिमिरे | सभापति | भौतिक पूर्वाधार समिति |
| १८ | मा.माया पुन | सभापति सर्वजनिक लेखा समिति | प्रदेश सभा |
| १९ | मा.डिल कुमारी बुढा | सभापति कानून समिति | प्रदेश सभा |
| २० | मा.राज प्रसाद श्रेष्ठ | सभापति अर्थ, उद्योग,पर्यटन समिति | प्रदेश सभा |
| २१ | श्री प्रकाश मरासिनी | उप न्यायाधिवक्ता | उच्च सरकारी वकील कार्यालय बुटवल |
| २२ | श्री सोमकान्त भण्डारी | सह न्यायाधिवक्ता | उच्च सरकारी वकील कार्यालय बुटवल |
| २३ | श्री प्रेमराज पौडेल | जिल्ला न्यायाधिवक्ता | जिल्ला सरकारी वकील कार्यालय, रुपन्देही |
| २४ | श्री खिमानन्द गौतम | जिल्ला न्यायाधिवक्ता | जिल्ला सरकारी वकील कार्यालय, कपिलवस्तु |
| २५ | श्री नगेन्द्र लम्साल | निमित्त सह न्यायाधिवक्ता | उच्च सरकारी वकील कार्यालय, तुलसीपुर |
| २६ | श्री कर्ण बहादुर बुढा क्षेत्री | निमित्त सह न्यायाधिवक्ता | उच्च सरकारी वकील कार्यालय, नेपालगंज |
| २७ | श्री योगेन्द्र प्रसाद ढुंगेल | जिल्ला न्यायाधिवक्ता | जिल्ला सरकारी वकील कार्यालय, दाङ |
| २८ | मा.तुलसी प्रसाद चौधरी | प्रमुख सचेतक नेकपा एमाले | लुम्बिनी प्रदेश सभा सदस्य |
| २९ | मा.भिमा कुमारी श्रेष्ठ | प्रमुख सचेतक रा प्र पा | लुम्बिनी प्रदेश सभा सदस्य |
| ३० | मा.अर्जुन प्रसाद कोइराला | न्यायाधीश | उच्च अदालत तुलसीपुर |
| ३१ | मा.सुभाष पौडेल | न्यायाधीश | उच्च अदालत तुलसीपुर नेपालगंज इजलास |
| ३२ | मा.तेजेन्द्र सापकोटा | न्यायाधीश | उच्च अदालत तुलसीपुर बुटवल इजलास |
| ३३ | मा.पुनम सिंह चन्द | न्यायाधीश | उच्च अदालत तुलसीपुर नेपालगंज इजलास |
| ३४ | मा.चन्द्र बहादुर सारू | न्यायाधीश | उच्च अदालत तुलसीपुर नेपालगंज इजलास |
| ३५ | श्री प्रमोद भट्टराई | प्रदेश सचिव | वन तथा वाताबरण मन्त्रालय |
| ३६ | श्री कवीन्द्र नेपाल | प्रदेश सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय दाङ |
| ३७ | श्री बलराम ढकाल | प्रदेश सचिव | युवा तथा खेलकुद मन्त्रालय |
| ३८ | श्री याम नारायण देवकोटा | प्रदेश सचिव | कृषि, भुमि व्यवस्था तथा सहकारी मन्त्रालय |
| ३९ | श्री वासुदेव पौड्याल | प्रदेश सचिव | सहरी विकास तथा खानेपानी मन्त्रालय |

| | | | |
|---|---|---|---|
| ४० | श्री लिलाधर सुवेदी | प्रदेश सचिव (कानून) | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ४१ | श्री बसन्त प्रसाद कोइराला | प्रदेश सचिव | सामाजिक विकास मन्त्रालय |
| ४२ | श्री राजेन्द्र प्रसाद भट्ट | प्रहरी नायब महानिरीक्षक | लुम्बिनी प्रदेश प्रहरी कार्यालय |
| ४३ | श्री दुर्गा लक्ष्मी श्रेष्ठ | प्रदेश सचिव | स्वास्थ्य मन्त्रालय |
| ४४ | श्री कृष्ण प्रसाद लम्साल | प्र.जि.अ. | दाङ |
| ४५ | श्री अर्जुन तिमिल्सिना | प्रहरी उप निरीक्षक | जिल्ला प्रहरी कार्यालय दाङ |
| ४६ | श्री राजेन्द्र प्रसाद अधिकारी | उप सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ४७ | श्री लोकमणि पाण्डे | उप सचिव | प्रदेश सभा सचिवालय |
| ४८ | श्री राधा रोका | शाखा अधिकृत | प्रदेश सभा सचिवालय |
| ४९ | श्री तिर्थराज ज्ञवाली | पूर्व मुख्य न्यायाधिवक्ता | लुम्बिनी प्रदेश |
| ५० | श्री सपना अधिकारी | रजिष्टार | उच्च अदालत तुलसीपुर नेपालगंज इजलास |
| ५१ | श्री यम प्रसाद  वास्कोटा | रजिष्टार | उच्च अदालत तुलसीपुर बुटवल इजलास |
| ५२ | श्री मधु सुदन पन्थी | नि.रजिष्टाऱ | उच्च अदालत तुलसीपुर |
| ५३ | मा. स्वीकृती पराजुली | न्यायाधीश | उच्च अदालत तुलसीपुर बुटवल इजलास |
| ५४ | मा. तेज नारायण पौडेल | न्यायाधीश | जिल्ला अदालत दाङ |
| ५५ | मा. बसन्तराज पौडेल | न्यायाधीश | उच्च अदालत तुलसीपुर नेपालगंज इजलास |
| ५६ | मा. प्रकाशचन्द्र अधिकारी | न्यायाधीश | कपिलवस्तु जिल्ला अदालत |
| ५७ | मा.गोविन्द जोशी | न्यायाधीश | उच्च अदालत तुलसीपुर नेपालगंज इजलास |
| ५८ | मा.भिष्मराज प्रसाई | जिल्ला न्यायाधीश | बाँके जिल्ला अदालत |
| ५९ | श्री हरि प्रसाद पन्थ | अधिवक्ता | बुटवल उच्च अदालत बार एसोशियशन |
| ६० | श्री ओम प्रकाश अर्याल | अधिवक्ता | कपिलवस्तु |
| ६१ | श्री गोविन्द प्रसाद मरासिनी | अधिवक्ता अध्यक्ष | उच्च अदालत वार इकाई बुटवल |
| ६२ | श्री चतुरभुज पन्थ | अधिवक्ता सदस्य | उच्च अदालत वार इकाई बुटवल |
| ६३ | श्री शान्ता पौडेल | अधिवक्ता | उच्च अदालत वार इकाई बुटवल |
| ६४ | श्री सृजना आचार्य | सहायक न्यायाधिवक्ता | उच्च सरकारी वकील कार्यालय नेपालगंज |
| ६५ | श्री सुरेश चन्द्र आचार्य | वरिष्ठ उप सचिव | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय |
| ६६ | श्री ऋषिदेव अर्याल | उप सचिव | उद्योग, पर्यटन तथा यातायात मन्त्रालय |
| ६७ | श्री मैयाँदेवी कुमाल | उप सचिव | भौतिक पुर्वाधार विकास मन्त्रालय |
| ६८ | श्री कृष्ण बहादुर वि.क. | सि.डी.ई. | उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय |
| ६९ | श्री श्रीराम चौधरी | अध्यक्ष | तुलसीपुर उच्च अदालत वार |
| ७० | श्री प्रकाश रेग्मी | सचिव | तुलसीपुर उच्च अदालत वार |
| ७१ | श्री विष्णुमणि धिताल | वरिष्ठ अधिवक्ता | तुलसीपुर उच्च अदालत वार |

| | | | |
|---|---|---|---|
| ७२ | श्री पुष्कर बहादुर भण्डारी | अधिवक्ता | तुलसीपुर उच्च अदालत बार |
| ७३ | श्री भागवत रेग्मी | अधिवक्ता | तुलसीपुर उच्च अदालत बार |
| ७४ | श्री यम बहादुर नेपाली | सभापति | लुम्बिनी प्रदेश सभा |
| ७५ | श्री सन्तोष सुवेदी | अध्यक्ष | नेपाल पत्रकार महासंघ दाङ |
| ७६ | श्री अमर क्षितिज भण्डारी | पत्रकार | कान्तिपुर टि.भी. |
| ७७ | श्री दशरथ घिमिरे | प्रेस संयोजक | मा. मुख्यमन्त्री |
| ७८ | श्री नारायण नेपाल | प्रतिनिधि | सप्तरङगी टि.भी. |
| ७९ | श्री लोक बहादुर सुनार | प्रदेश सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ८० | श्री शिशिर घिमिरे | प्रदेश सचिव | लुम्बिनी प्रदेश सभा |
| ८१ | श्री माधव प्रसाद घिमिरे | अधिवक्ता | बुटवल बार |
| ८२ | श्री प्रलाद बहादुर कार्की | अधिवक्ता | नेपालगंज बार |
| ८३ | श्री ध्रव प्रसाद बस्याल | वरिष्ठ अधिवक्ता | नेपालगंज बार |
| ८४ | श्री गणेश प्रसाद शर्मा | अधिवक्ता | नेपालगंज बार |
| ८५ | श्री इश्वरी प्रसाद ज्ञवाली | पार्षद परिषद सदस्य | नेपाल कानून व्यवसाय परिषद काठमाण्डौ |
| ८६ | मा.जमुना ढकाल | लुम्बिनी प्रदेश सदस्य | प्रदेश सभा |
| ८७ | श्री कृष्ण प्रसाद नेपाल | उप सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ८८ | मा.हेमा बेल्बासे के.सी. | लुम्बिनी प्रदेश सदस्य | प्रदेश सभा |
| ८९ | श्री कृष्ण प्रसाद नेपाल | उप सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ९० | श्री डा.सूर्यप्रसाद पौडेल | उप न्यायाधिवक्ता | मुख्य न्यायाधिवक्ताको कार्यालय |
| ९१ | श्री इन्दु बसेल | सहायक न्यायाधिवक्ता | मुख्य न्यायाधिवक्ताको कार्यालय |
| ९२ | श्री तेजप्रसाद पाण्डे | सहायक न्यायाधिवक्ता | मुख्य न्यायाधिवक्ताको कार्यालय |
| ९३ | श्री वीरेन्द्र कुमार लाल दास | वरिष्ठ प्रशासन सहायक | मुख्य न्यायाधिवक्ताको कार्यालय |
| ९४ | श्री दुर्गा प्रसाद पौडेल | अधिकृत (लेखा) | मुख्य न्यायाधिवक्ताको कार्यालय |
| ९५ | श्री कविता चौधरी | कम्प्युटर अपरेटर | मुख्य न्यायाधिवक्ताको कार्यालय |
| ९६ | श्री डोल बहादुर थापा मगर | ह.स.चा. | मुख्य न्यायाधिवक्ताको कार्यालय |
| ९७ | श्री मधु खनाल | ह.स.चा. | मुख्य न्यायाधिवक्ताको कार्यालय |
| ९८ | श्री बिनु रेग्मी | कार्यालय सहयोगी | मुख्य न्यायाधिवक्ताको कार्यालय |
| ९९ | श्री राम प्रसाद पाण्डे | कार्यालय सहयोगी | मुख्य न्यायाधिवक्ताको कार्यालय |

**अनुसूची — ३ कार्यक्रम संग सम्बन्धित फोटोहरु ।**


मुख्य न्यायाधिवक्ताको कार्यालय
लुम्बिनी प्रदेश, राप्ती उपत्यका दाङ
संघीयताको सवलीकरणमा
प्रदेश कानून निर्माण तथा कार्यान्वयनका चुनौती र समाधान
विषयक
सरोकारवालाहरुसंगको अन्तरक्रिया कार्यक्रम









